"विविधतायुक्त एकताको समुन्नत गाउँ शहर,
उज्यालो हराभरा समृद्ध हाम्रो व्यास नगर"

# व्यास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दमौली, तनहुँ
गण्डकी प्रदेश, नेपाल

मिति:२०७५/०८/१०

## प्रेस विज्ञप्ती

व्यास नगरपालिका तथा नेष्ट पिकासो जे.भिको संयुक्त आयोजनामा एकिकृत विकास योजनाको दिर्घकालिन सोच निर्धारण सम्बन्धि २ दिने कार्यशाला गोष्ठी मर्स्याङ्दि रिभरब्यु रिसोर्ट, बन्दिपुर-५ ढाब, तनहुंमा आज सम्पन्न भएको छ। उक्त कार्यशाला गोष्ठीमा व्यास नगरपालिकालाई समृद्धि तर्फ निर्देशित गर्न नगरका अग्रणि क्षेत्रहरुको पहिचानस्वरुप प्रथम कृषि, द्वितिय पर्यटन र तृतिय शिक्षालाई प्राथमिकतामा राखि "विविधतायुक्त गाँउशहर, समृद्ध मेरो व्यास नगर" भन्ने दीर्घकालिन सोच निर्धारण गरिएको छ। आगामि दिनहरुमा अग्रणि क्षेत्रहरुलाई प्राथमिकतामा राखि सम्पुर्ण नगरबाँसिहरुको हक, हित, अधिकारको समंरक्षण गर्दै समृद्ध नगर बनाउने कार्ययोजना तयार गरि, रुपान्त्रीत शहरको भावि समस्याहरुलाई समाधान गर्दै अगि बढ्ने जमर्को गोष्ठीमा उपस्थित सहभागि जनप्रतिनिधि, कर्मचारि एवं परामर्शदाताद्वारा प्रतिबद्दता व्यक्त गरियो।

गोष्ठीको अन्तमा नगरप्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा समापन कार्यक्रम सम्पन्न भएको थियो। सहभागिहरुका तर्फबाट कार्यकरीणी सदस्य चन्द्रमाया परियार, युवाका तर्फबाट श्री अपार पौडेल, क्याम्पस प्रमुख श्री महाप्रसाद हड्खले, उधोग वाणोज्य संघका बं. उपाध्यक्ष श्री वैकुण्ठ मिश्र, NSET का निर्देशक श्री सुर्यनारायण श्रेष्ठ, प्र.प्र.अ श्री हरी प्रसाद वांस्तोला, उप-प्रमुख मीरा जोशी, योजना आयोगमा पुर्व उपाध्यक्ष डा.जगदिशचन्द्र पोख्रेलले कार्यशाला गोष्ठीको समिक्ष गर्दै, गोष्ठी उपलब्धीपुर्ण भएको र कार्यान्वयनमा जोड दिनुभएको थियो।

..............................
विशाल पण्डित
सुचना प्रविधी अधीकृत

"भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं, सम्भावित प्रकोपबाट बचौं र बचाऔं"
Phone No. 065-560162/560163, Fax No.: 977-65-560233 Email: vyasmunicipality@gmail.com Web: www.vyasmun.gov.np